अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०८०।०४।२५ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

साझा भण्डार सहकारी संस्था लिमिटेड, भोटाहिटी, काठमाडौंको नाममा रहेको सुर्खेत जिल्ला साविक कटकुवा गा.पं. ९, हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ को क्षेत्रफल ०-२-० को जग्गा र बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३ (क) को क्षेत्रफल ०-२-१७ को जग्गा अनुचित लाभ लिई कम मूल्यमा बिक्री गरी आर्थिक हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **साझा भण्डार सहकारी संस्था लि.का तत्कालीन अध्यक्ष जयकुमार खडका तथा संचालक समितिका तत्कालीन सदस्यहरू आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोला प्रसाद न्यौपाने र सदस्य सचिव तथा महाप्रवन्धक अमर थापाले** साझा भण्डार सहकारी लि.को नाममा रहेको सुर्खेत उपत्यका नगर विकास समितिको गुरुयोजनाको प्लानिंङ नक्सामा व्यावसायिक क्षेत्र भनी तोकिएको साविक कटकुवा गा.वि.स. वडा नं. ९, हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ को क्षेत्रफल ०-२-० को जग्गा तथा साझा भण्डार सहकारी लि.को नाममा रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३(क) को क्षेत्रफल ०-२-१७ को जग्गा साझा भण्डार सहकारी संस्था लि.ले विना आधार र कारण हँचुवाको भरमा अत्यन्त कम मूल्यमा बिक्री गर्ने निर्णय गरी व्यक्ति विशेषलाई बिक्री गरी संस्थालाई रु.४,०४,२४,१८१।२० (चार करोड चार लाख चौबीस हजार एक सय एकासी रुपैया वीस पैसा) हानिनोक्सानी पुऱ्याएको र व्यक्तिलाई फाइदा गराएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको पुष्टि भएको हुँदा निजहरू जयकुमार खडका, आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोला प्रसाद न्यौपाने र अमर थापालाई सुर्खेत र कोहलपुर दुवै स्थानको जग्गा बिक्रीवापत संस्थालाई नोक्सानी पुऱ्याएको बिगो रु.४,०४,२४,१८१।२० (चार करोड चार लाख चौबीस हजार एक सय एकासी रुपैया वीस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सोही दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद र जरिवाना गरी ऐ.को दफा १७ वमोजिम बिगोसमेत असुल उपर हुन मागदावी लिइएको छ।

**सञ्चालक समितिका तत्कालीन सदस्य योगेन्द्रनाथ कर्माचार्यले** साझा भण्डार सहकारी लि.का नाममा रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३(क) को क्षेत्रफल ०-२-१७ को जग्गा विना आधार र कारण हँचुवाको भरमा अत्यन्त कम मूल्यमा बिक्री गर्ने निर्णय गरी संस्थालाई रु.४,००,९४,१८१।२० हानिनोक्सानी पुऱ्याएको र व्यक्तिलाई फाइदा गराएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको पुष्टि भएको हुँदा निज योगेन्द्रनाथ कर्माचार्यलाई कोहलपुरको जग्गा बिक्रीवापत संस्थालाई नोक्सानी पुऱ्याएको बिगो रु.४,००,९४,१८१।२० (चार करोड चौरानव्वे हजार एक सय एकासी रुपैया वीस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सोही दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद र जरिवाना गरी ऐ.को दफा १७ वमोजिम बिगोसमेत असुल उपर हुन मागदावी लिइएको छ।

**जिल्ला दैलेख, नारायण नगरपालिका वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, टोखा न.पा. ३, बाँसबारी बस्ने गीताकुमारी शाहीले** सुर्खेत जिल्लाको साविक कटकुवा गा.वि.स. वडा नं. ९ हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ को क्षेत्रफल ०-२-० को जग्गा, वोलपत्र प्रतिस्पर्धालाई सीमित गर्ने उद्देश्य लिई आफन्त नातागोताको नाम राखी, वेसरोकारवाला व्यक्तिसमेतको नागरिकताको प्रतिलिपि लिई निजहरुको मन्जुरी विना वोलपत्रमा नाम मात्रको प्रतिस्पर्धा र सहभागिता देखाई मिलेमतो गरी न्यून मूल्यमा जग्गा खरिद गरी संस्थालाई रु.३,३०,०००।- (तीन लाख तीस हजार रुपैयाँ) हानिनोक्सानी पुऱ्याएको पुष्टि भएकोले सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिमको कसुर भएको हुँदा प्रतिवादी गिताकुमारी शाहीउपर ऐ. दफा २२ को प्रतिवन्धात्मक बाक्यांशमा भएको व्यवस्था बमोजिम सोही ऐनको दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद र जरिवाना हुन मागदावी लिइएको छ।

**जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं. ११ बस्ने सुरोज गिरीले** साझा भण्डार सहकारी लि.को नाममा रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३(क) को क्षेत्रफल ०-२-१७ को जग्गा वोलपत्र प्रतिस्पर्धालाई सीमित गर्ने उद्देश्य राखी वेसरोकारवाला व्यक्तिको नागरिकताको प्रतिलिपि लिई निजको मन्जुरी विना वोलपत्रमा नाम मात्रको प्रतिस्पर्धा र सहभागिता देखाई मिलेमतो गरी साझा भण्डार सहकारी संस्थाबाट खरिद गरी संस्थालाई रु.४,००,९४,१८१।२० (चार करोड चौरानव्वे हजार एक सय एकासी रुपैया वीस पैसा) हानिनोक्सानी पुऱ्याएको पुष्टि भएको र सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिमको कसुर भएको हुँदा निज सुरोज गिरीउपर ऐ. दफा २२ को प्रतिवन्धात्मक बाक्यांशमा भएको व्यवस्था बमोजिम सोही ऐनको दफा १७ ले निर्देश गरेको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद र जरिवाना हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल